# युनिक नेपाल लघुवित्त वित्तीय संस्था लि.

## पाठ्यक्रम, २०८२

## सहायक तेश्रो, चौथो र पाँचौ तह, सहायक पदको खुल्ला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम

पाठ्यक्रम योजनालाई निम्नानुसारका तीन चरणमा विभाजन गरिएको छ :

१. प्रथम चरण : लिखित परीक्षा पूर्णाङ्क : ५०

२. द्वितीय चरण : स्थलगत अध्ययन अवलोकन परीक्षा पूर्णाङ्क : २०

३. तेश्रो चरण : अन्तर्वार्ता परीक्षा र सीप परीक्षण परीक्षा पूर्णाङ्क : ३०

१. प्रथम चरण : लिखित परीक्षा

| विषय | पूर्णाङ्क | परीक्षा प्रणाली | प्रश्न संख्या X अङ्क | समय |
|---|---|---|---|---|
| बैंकिङ्ग तथा लेखा, अङ्क गणित, लघुवित्त र कार्यालय व्यवस्थापन | ५० | बस्तुगत : बहुबैकल्पिक प्रश्न | ३० प्रश्न X ०.५अङ्क | ०१:३० घण्टा |
| | | विषयगत : छोटो उत्तर | ५ प्रश्न X ५अङ्क | |
| | | विषयगत : लामो उत्तर | १ प्रश्न X १०अङ्क | |

२. द्वितीय चरण : स्थलगत अध्ययन अवलोकन परीक्षा

| विषय | पूर्णाङ्क | परीक्षा प्रणाली | समय |
|---|---|---|---|
| लघुवित्त कार्यक्रम | २० | युनिक शाखामा स्थलगत :अध्ययन अवलोकन गर्ने र प्रतिवेदन पेश। | तीन दिन |

३. तृतीय चरण : अन्तर्वार्ता र सीप परीक्षण परीक्षा

| विषय | पूर्णाङ्क | परीक्षा प्रणाली | समय |
|---|---|---|---|
| अन्तर्वार्ता र कम्प्यूटर सीप परीक्षण | ३० | मौखिक र कम्प्यूटर सीप परीक्षण गरिने | १५ मिनेटसम्म |

**द्रष्टव्य :**

१. लिखित परीक्षामा प्रश्नपत्रको माध्यम खस भाषा नेपाली हुनेछ। परीक्षार्थीहरूले खस नेपाली भाषाको माध्यमबाट उत्तर दिन सक्नेछन्।
२. प्रथम, द्वितीय र तेश्रो चरणको परीक्षा छुट्टाछुट्टै हुनेछ।
३. लिखित परीक्षामा सोधिने प्रश्न संख्या र अङ्कभार यथासम्भव सम्बन्धित पत्र/विषयमा दिइए अनुसार हुनेछ।
४. बस्तुगत प्रश्नको उत्तर प्रश्न पत्रमा नै गोलोघेरा लगाउनु पर्नेछ। केरमेट गरी दुई वा सो भन्दा बढी उत्तर छनौट गरी गोलोघेरा लगाएमा अङ्क दिइने छैन।
५. विषयगत प्रश्नको उत्तर उत्तरपुस्तिकामा लेख्नु पर्नेछ।
६. प्रथम चरणको परीक्षाबाट छनौट भएका उम्मेदवारहरूलाई मात्र द्वितीय चरणको परीक्षामा सम्मिलित गराइनेछ। र द्वितीय चरणमा सहभागी उम्मेदवारहरुलाई मात्र तेश्रो चरणको परीक्षामा सम्मिलित गराइनेछ।
७. लिखित परीक्षामा मोबाइल, मोबाइलको क्यालकुलेटर प्रयोग गर्न पाइने छैन।
८. लिखित परीक्षामा कम्तिमा ५० प्रतिशत अङ्क प्राप्त गर्नु पर्नेछ। तर, प्रतिस्पर्धी उम्मेदवार संख्याको आधारमा प्राप्त अङ्क प्रतिशत थप वृद्धि गरी पदपूर्ति हुने संख्याको एक चौथाई उम्मेदवार संख्या मात्र उत्तीर्ण हुने छन्।
९. पाठ्यक्रम स्वीकृत मिति : २०८२/...../.......

## युनिक नेपाल लघुवित्त वित्तीय संस्था लि.
## पाठ्यक्रम- २०८२

सहायक तेश्रो, चौथो र पाँचौ तह (फिल्ड सहायक पद) को खुल्ला प्रतियोगितात्मक परीक्षाकोलागि

**१. प्रथम चरण : लिखित परीक्षा** **पूर्णाङ्क : ५०**

१. केन्द्रीय बैंक, बैक तथा वित्तीय संस्था र केन्द्रीय बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन तथा सर्कुलर ।
२. नेपालमा लघुवित्त र युनिक नेपाल लघुवित्त वित्तीय संस्था लि.को लघुवित्त गतिविधि ।
३. कर्जा, बचत, रेमिट, बीमा सेवा र उद्यमशिलता आदि को विशेषता र सेवाहरु ।
४. अङ्क गणित (हिसाव किताव, जोड, घटाउ, गुणन, भाग, औषत, दशमलव, प्रतिशत, व्याज, मूलधन र समय गणना, आदि) ।
५. कम्प्यूटर (न्यूनतम नेपाली र अंग्रेजी टाइप गर्न जान्ने, वर्ड, एक्सल सीट, इमेल, इन्टरनेट चलाउन जान्ने) ।
६. कार्यालय व्यवस्थापन, फाइलीङ्ग, दर्ता, चलानी, पत्राचार, निवेदन पत्र, हाजिरी, कार्यालय सरसफाई, सम्पत्ति रेखदेख तथा संरक्षण, प्रतिवेदन लेखन, आदि ।
७. लेखाका सिद्धान्तहरु, बैकिङ्ग तथा लेखा, भौचर, लेजर, जर्नल भौचर, नाफा नोक्सान, वासलाट, आदि ।
८. वित्तीय साक्षरता, सेवाग्राहीसँगको सम्बन्ध, समूह, केन्द्र बैठक सञ्चालन तथा व्यवस्थापन, आदि ।
९. लघुवित्त सम्बन्धी समसामयिक सूचना, घट्ना, आदि बारेमा जानकारी ।
१०. आफ्नो पद अनुसारको कार्यका विषयहरु ।

**२. द्वितीय चरण : स्थलगत अध्ययन अवलोकन परीक्षा** **पूर्णाङ्क : २०**

**उम्मेदवारले पालना गर्ने नियम र पाठ्यक्रमः**

१. पहिलो चरणको लिखित परीक्षा उत्तीर्ण भएका उम्मेदवारहरुलाई मात्र स्थलगत अध्ययन अवलोकन परीक्षामा सहभागी गराईने छ ।
२. स्थलगत अध्ययन अवलोकन अवधि तीन दिनको हुनेछ । यस संस्थाको शाखाहरुमा पठाईनेछ ।
३. तोकिएको समय अवधि अध्ययन अवलोकन नगर्ने उम्मेदवारलाई अन्तर्वार्ता र कम्प्युटर सीप परीक्षामा सहभागी गराईने छैन ।
४. शाखाको अवस्था, काम गर्ने वातावरण, आफूले गर्नुपर्ने कामको अवलोकन, अनुभूति, आदि गर्ने ।
५. आफू जुन पदकोलागि छनौट प्रक्रियामा हुनु हुन्छ, वा सोही पद अनुसार आफूलाई भोलिको दिनमा तोकिएको काम गर्न सक्ने वा नसक्नेको पूर्वानुमान ।
६. आफूलाई मानसिक, भौतिक, नैतिक, सामाजिक र कार्यालयको वातावरण अनुसार काम गर्ने मानसिकता बनाउने । यदि काम गर्न नसक्ने भए सोही अनुसार मानसिकता बनाउने ।
७. आफूलाई जान्न मन लागेको संस्थागत विषय सोधखोज गर्ने ।
८. स्थलगत अवलोकन भ्रमणको क्रममा आफूले देखेको, लागेको विषयको बुँदा टिपोट गर्ने, अध्ययन प्रतिवेदन तयार गर्ने ।
९. उम्मेदवारको काम गर्ने जोसजागर, लघुवित्त प्रतिको रुची, बोली भाषा, आँचरण, व्यवहार, अनुशासन, इमान्दारीता, नीतिनियम तथा समय पालना, आदिको अध्ययन अवलोकन गर्ने ।

१०. शाखाको वातावरण र फिल्डमा केन्द्र वा समूहका महिला तथा पुरुषहरुसँग मिलेर काम गर्न, खानेकुरा खान, बस्न, काममा रमाउन सक्ने वा नसक्ने ।
११. जाडो र गर्मीको बेला फिल्डमा गएर केन्द्र बैठक चलाउने, कर्जा विश्लेषण, किस्ता असुली, आदि कार्य गर्न सक्ने वा नसक्ने ।
१२. आफ्नो सवारी साधन हुनु पर्ने, जस्तै, पैदल, साइकल वा बाइक, आफूलाई उपयुक्त लाग्ने साधनको व्यवस्था आफै गर्नुपर्ने ।

**३. तेश्रो चरण : अन्तर्वार्ता र सीप परीक्षण परीक्षा पूर्णाङ्क : ३०**

१. अन्तर्वार्ता परीक्षा मौखिक रुपमा लिईनेछ । यो भौतिक उपस्थिति अनिवार्य रहनेछ ।
२. नागरिकता, राष्ट्रिय परिचय पत्र, शैक्षिक योग्यता र अनुभवसँग सम्बन्धित सबै सक्कल कागजात लिएर आउनु पर्नेछ ।
३. लक्षीत विपन्न वर्गमा गई लघुवित्त सेवा गर्न इच्छुक ।
४. लघुवित्त सेवामा प्रवेश गर्न चाहेको खास कारण, भावी योजना (जागीर, शिक्षा, विवाह, वा अन्य कुनै भए त्यो समेत)
५. तीन दिनको स्थलगत अध्ययन अवलोकन प्रतिवेदन तयार पार्ने, र अन्तरवार्ता सँगै प्रस्तुत गर्नु पर्ने ।
६. उम्मेदवारको व्यक्तित्व, विषयवस्तुको ज्ञान, काम प्रतिको रुची, प्रतिवद्धता, बोली भाषा, लघुवित्त कार्यक्रम प्रतिको इमान्दारिता, शारिरीक दुरुष्टता, आदि ।
७. पारिवारिक पृष्ठभूमि, पेशा व्यवसाय, आदि ।
८. साइकल, स्कुटर, मोटरसाइकल चलाउन सक्ने ।
९. कम्प्युटरमा न्यूनतम नेपाली र अग्रेजी टाईपिङ्ग, एमएस वर्ड, एक्सल सीट, इन्टर नेट र इमेल सञ्चालन गर्न सक्ने नसक्ने भौतिक रुपमा सीप जाँच गरिनेछ ।
१०. लघुवित्त कर्मचारीमा हुनु पर्ने आधारभूत गुणहरु ।
११. लघुवित्त सम्बन्धी समसामयिक सूचना, घट्ना, आदि बारेमा जानकारी ।
१२. सेवा अवधि, अपेच्छित सेवा सुविधा, प्रतिबद्धता ।
१३. निरोगीताको प्रमाणपत्र (चिकित्सकबाट प्रमाणीत विवरण सहितको कागजात)
१४. बोल्ने शैली, स्पष्टतता, उच्चारण, शारिरीक नन्दुरुष्टी, उचाई, व्क्तित्व, आदि ।
१५.